सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु

*मिति २०७७/१/६ गते*



कोभिड -१९ नियन्त्रण र रोकथामका लागि अपनाउनुपर्ने सावधानी तथा उपचारका लागि अपनाउनु पर्ने प्रोटोकलको अभिमूखीकरणका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लामा खटिएका टोलीहरुले आज पनि त्यस कार्यलाई निरन्तरता दिएका छन्। यसैक्रममा आज नवलपुर स्थित मध्यविन्दु अस्पतालमा डा बद्रि प्रसाद पौडेल, डा विष्णुराज तिवारी लगायतको टोलीले Infection Prevention Control, Case Management जस्ता विषयमा अभिमूखीकरण प्रदान गरेको छ। उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख, अस्पताल प्रमुख, सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो । यसै विषयमा मनाङ् र मुस्ताङमा पनि अभिमूखीकरण आजै सम्पन्न भएको छ।



कोभिड -१९ नियन्त्रण र रोकथाम र उपचार व्यवस्थापन गर्न गण्डकी प्रदेशमा गठित विभिन्न विषयगत समितिहरुमध्ये, सूचना तथा संचार व्यवस्थापन समितिका संयोजक दिपेन्द्र श्रेष्ठ, सदस्य सचिव नवराज शर्मा, नानीबाबु दानी संग स्वास्थ्य निर्देशनालयका निर्देशक डा विनोद विन्दु शर्माले भेटघाट र छलफल गर्नु भएको छ। भेटमा विभिन्न संचार माध्यमबाट सूचनाको प्रचारप्रसार र सम्प्रेषण, गण्डकी प्रदेश सरकारका तर्फबाट प्रकाशित प्रेस विज्ञप्ति, प्रेस वक्तव्य, दैनिक गतिविधि अपडेट र साप्ताहिक समाचारपत्र समयमै तयार गरि सम्प्रेषण गर्ने, सूचना र तथ्यांकको ढाँचालाई परिमार्जन गर्ने लगायतका विषयमा छलफल भएको थियो।

**आजसम्म कुल ६८४ जनाले हेल्लो डाक्टर १०९२ बाट चिकित्सकीय परामर्श सहितको सेवा लिएका छन्।**

**बाग्लुङ्की ६५ वर्षीय संक्रमित महिलाको यस अघि गरिएको नमूना परिक्षण नेगेटिभ आएकोमा आज दोस्रो पटक पनि परिक्षण परिणाम नेगेटिभ आएको छ**

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख ६ गते (३ बजे सम्म ) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 442 | 136 | 132 | 0 | 4 |
| स्यांग्जा | 22 | 388 | 37 | 52 | - | 46191 | 15 | - | 601 | 453 | 101 | 101 | 0 | 0 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 40 | 42 | - | 713 | 522 | 12 | 12 | 0 | 0 |
| लमजुङ | 68 | 949 | 34 | 24 | 4 | 541 | 5 | - | 188 | 149 | 53 | 53 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 268 | 9 | 9 | 0 | 0 |
| पर्वत | 11 | 375 | 18 | 185 | - | 326 | 20 | 0 | 316 | 330 | 68 | 68 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 137 | 14 | 14 | 0 | 0 |
| बाग्लुङ्ग | 32 | 251 | 36 | 803 | - | 13664 | 12 | 2 | 836 | 1046 | 63 | 61 | 2 | 0 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 0 | 560 | 241 | 34 | 34 | 0 | 0 |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 53 | 7 | - | 3 | 12 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 0 | 0 | 4 | - | 10 | - | 25 | 8 | - | - | - | - |
| जम्मा | 278 | 4003 | 223 | 2044 | 89 | 61527 | 279 | 2 | 4522 | 3608 | 493 | 487 | 2 | 4 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**

हेलो डाक्टर
१०९२